# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संखया :२१ माघ २५, २०८१

### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/१०/२४ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th>सि.नं.</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो ।</td></tr>
<tr><td>२</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट ३ जना पलम्विङ्ग र २ जना इलेक्टिसियन तालिमको लागि नामावली एक हप्ता भित्र सम्बन्धित शाखामा पठाउने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>गुल्मीदरबार गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम घरघरमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनको लागि प्रयोग भएको गुल्मीदरबार गाउँपालिका वडा नं. ७ निवासी विकास श्रेष्ठ गाडी प्रयोग भएको हुँदा निजले पेश गरेको रु.३००००।– गाडी भाडा रकम सवारी भाडा खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>गुल्मीदरबार गाउँपालिका वडा नं. ७ को बोटे पुछार लिफ्ट खानेपानीको पम्प मर्मतको लागि खर्च भएको रकमको बिल भरपाई बमोजिमको रकम रु.५२५००। एकघर एकधारा कार्यक्रमको खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>गुल्मीदरबार गाउँपालिका वडा नं. ४ को सभाहल व्यवस्थापनको लागि आवश्यक पर्ने ३ थान टेबल, प्लाष्टिक कुर्ची ७० थान, फिक्स टेवल सभाहलको दुवै साइडमा निर्माण गर्ने, प्लाष्टिक कार्पेट भूँइमा पूरै, रोष्टम १ थान, भित्ते पंखा ६ थान र साउण्ड सिस्टम<br>3.१ थान फर्निचर फिक्चर्स खर्च शिर्षकबाट उपलत्ब्ध गराउने निर्णय गरियो ।</td></tr>
<tr><td>६</td><td>राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ गतेको सूचना बमोजिम संघीय समपूरक अनुदान अन्तर्गत स्थानीय तहमा आ.व. २०८२/०८३ मा सञ्चालन गरिने आयोजना/कार्यक्रमको प्रस्ताव माग भएकोमा यस गुल्मीदरबार गाउँपालिकामा आ.व. २०८२/८३ मा सञ्चालन गरिने आयोजना/कार्यक्रमको प्रस्तावहरु तपशिल बमोजिम रहेको र उक्त समपूरक योजना कार्यान्वयनका लागि आवश्यक रु.४,९९,६३,१२४।१५ बजेटको समेत सुनिश्चित गरी योजनाहरु स्वीकृतीका लागि राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।<br>तपशिलः<br>समपूरक अनुदानः
<table>
<tr><th colspan="5">समपूरक अनुदानका योजनाहरु</th></tr>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>अनुमानित लागत रकम</th><th>गाउँपालिकाले व्यहोर्ने रकम</th><th>नेपाल सरकारले व्यहोर्ने रकम</th></tr>
<tr><td>१</td><td>बलिथुम नेटा वडा कार्यालय मोटर बाटो स्तरोन्नती वडा नं. १</td><td>३,८७,१६,२१७।९३</td><td>१,५४,८६,४८७।१७</td><td>२,३२,२९,७३०।७५</td></tr>
<tr><td>२</td><td>खर्ज्याङ्ग बाखे बन्द्रखुट्टा वीरबास सिस्ने जुभुङ्ग मोटर बाटो स्तरोन्नती वडा नं. २ र ४</td><td>६,५५,३७,३२७।१८</td><td>२,६२,१४,९३०।८७</td><td>३,९३,२२,३९६।३०</td></tr>
<tr><td>३</td><td>सुपाखोला निदुर काब्रेपोखरी मोटर बाटो स्तरोन्नती वडा नं. ३ र ४</td><td>२०६५४२६५।२८</td><td>८२,६१,७०६।११</td><td>१२३९२५५९।१६</td></tr>
</table>
विशेष अनुदानः
<table>
<tr><th colspan="5">विशेष अनुदानका योजनाहरु</th></tr>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>अनुमानित लागत रकम</th><th>आवश्यक रकम</th><th>कैफियत</th></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><td></td><td>
<table>
<tr><td>१</td><td>रुन्खादह मा.वि. (१६ कोठे) भवन निर्माण</td><td>५७०८१४४६।४०</td><td>१,६४,९४,७८१।</td><td>क्रमागत</td></tr>
<tr><td>२</td><td>शैक्षिक तथा स्वास्थ्य संस्था पूर्वाधार एवं गुणष्तर सुधार</td><td>२००००००००</td><td>२००००००००</td><td>नयाँ</td></tr>
<tr><td>३</td><td>श्री सूर्योदय माध्यमिक विद्यालय (८ कोठे) भवन निर्माण</td><td>२,२८,२६,७७८।५०</td><td>२,२८,२६,७७८।५०</td><td>नयाँ</td></tr>
</table>
</td></tr>
<tr><td>७</td><td>नेपाल सरकारबाट आ.व.२०८०/०८१ देखि संघीय विशेष अनुदानमा सञ्चालन भएको गुल्मीदरबार गाउँपालिका वडा नं. ६ को स्वास्थ्य चौकी भवन निर्माणको काम चालु आ.व.२०८१/०८२ मा सम्पन्न हुने र चालु आ.व.मा विनियोजन भएको रकम पर्याप्त हुने हुँदा आगामी आ.व. २०८२/०८३ मा क्रमागत योजनामा समावेश गर्न नपर्ने हुँदा उक्त योजनालाई क्रमागत योजनामा समाबेस नगर्नको लागि राष्ट्रिय योजना आयोगमा पत्राचार गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>८</td><td>लुम्बिनी प्रदेशको विशेष अनुदानको एकघर एकधारा रकमबाट फिटिङ्ग, पाइप लगायतका सामाग्रीहरुको टेण्डर मार्फत खरिद प्रक्रिया अँगाडी बडाउने निर्णय गरियो ।</td></tr>
<tr><td>९</td><td>विविध निर्णयहरुः<br>➢ लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट छात्रवृत्ति करारमा आउनु भएका मेडिकल अधिकृत डा.सिद्धिनाथ ज्ञवाली र डा.नविन गौतमको लागि खाजा खाना खर्च वापत मासिक रु.९४००।–का दरले २०८१ साल माघ १ गते देखि करार सेवा सुल्कबाट उपलब्ध गराउने र निजहरुबाट हप्तामा १/१ दिन वडा नं. १ र २ मा स्थलगत सेवा उपलब्ध गराउने।<br>➢ नेपाल निजामति कर्मचारी युनियन गुल्मीको लागि जिल्ला अधिवेशन र केन्द्रिय अधिवेशनको लागि रु.४००००।– (चालिस हजार) उपलब्ध गराउने ।</td></tr>
</table>

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत